म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३८ मंगलबार २१ भदौ २०७९ ने. सं. ११४२ ञलाथ्व 6 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले

हेटौंडा-५, अब्बलडाँडामा रहेको १

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा

**सम्पर्क नं. ९८५११३२८७४**

## हेटौंडामा अधिकारको विषयलाई लिएर संघ र प्रदेशबीच ठाकठुक

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ संघ र प्रदेशको अधिकारको विषयलाई लिएर बागमती प्रदेशको राजधानी हेटौंडामा जुहारी चलेको छ ।

राष्ट्रियसभाअन्तर्गत् संघीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले सोमबार हेटौंडामा आयोजना गरेको 'संघीय शासन प्रणाली सवलीकरण' विषयक अन्तरक्रिया कार्यक्रममा अधिकारको विषयलाई लिएर संघ र प्रदेशबीच जुहारी चलेको हो । बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले संघले प्रदेशलाई अधिकार हस्तान्तरण गर्नुको साटो संविधानबिरोधी ऐन ल्याएको भन्दै विरोध गरेका थिए । पाण्डेले राष्ट्रिय सभाबाट हालै पारित विधेयकको विषयलाई लिएर संघीय सरकारविरुद्ध अदालतमा मुद्दा हाल्ने चेतावनी दिएपछि राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिना पनि आक्रोशित भएका थिए ।



मुख्यमन्त्री पाण्डेले राष्ट्रिय सभाबाट हालै पारित विधेयक संघीयता र संविधान बिरोधी रहेको भन्दै मुख्यमन्त्री पाण्डेले संघीय सरकारविरुद्ध मुद्दा हाल्ने चेतावनी दिएका थिए । पाण्डेले काठमाडौं उपत्यका सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण विधेयक २०७६ र नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन सुपरीवेक्षण र समन्वय ऐन, २०७६ लाई संशोधन गर्न बनेको संघीयता र संविधान बिरोधी रहेको दाबी गरे । राष्ट्रिय सभा आफैंले संविधान र संघीयताको विरुद्धमा गएर ती दुई वटा विधेयक पारित गरेको मुख्यमन्त्री पाण्डेको आरोप थियो ।

विधेयकमा काठमाडौं, ललितपुर र भक्तपुरको सुरक्षा र यातायातको जिम्मा संघीय सरकारलाई दिने उल्लेख गरिएको छ । उपत्यकाका तीन वटा जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरको सुरक्षा मन्त्रालयले हेर्ने भनिएकोमा उनले आपत्ति जनाए । प्रदेशभित्रका जिल्लाको सुरक्षा व्यवस्था संघ सरकारले हेर्ने गर्दा ती जिल्लालाई अलग गर्न खोजिएको उनको तर्क थियो । 'के काठमाडौं, ललितपुर र भक्तपुरलाई तपाईंले छुट्टै प्रदेश बनाउन खोजेको हो ? आक्रेशित हुँदै पाण्डेले प्रश्न गरे ।

संघीयता बिरोधी उक्त विधेयक पारित गर्ने राष्ट्रिय सभालाई संघीयता कार्यान्वयनको बारेमा छलफल गर्दै हिँड्ने अधिकार नभएको उनको भनाइ थियो । राष्ट्रियसभा सदस्यसमेत रहेका संघीयता विज्ञ खिमलाल देवकोटाप्रति आक्रोशित हुँदै मुख्यमन्त्री पाण्डेले भने 'यो संघीयताको बारेमा के छलफल गर्नुहुन्छ ? संघीयताको विज्ञ भनेर किन हिँड्नु हुन्छ ? तपाईंजस्तो मान्छेले राष्ट्रिय सभामा यो विधेयक संघीयता विरोधी हो, यो पास गर्नु हुँदैन, संविधानको बिरुद्ध छ भन्नु पर्दैन ? 'केन्द्र सरकारले धमाधम ऐन संशोधन गरेर संविधान बिरोधी काम गरेको भन्दै छलफल गर्न आउनुको तुक नभएको बताए ।

कार्यक्रमका प्रमुख अतिथि रहेका राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले मुख्यमन्त्री पाण्डेलाई चुनौती दिए । उनले पार्टीको ह्वीप लागे पनि गलत कुरालाई गलत भन्न सक्ने आँट गर्न पाण्डेलाई चुनौती दिएका हुन् । अध्यक्ष तिमिल्सिनाले संघीय ऐनहरू केन्द्र सरकारबाट पास भइर हँदा प्रदेश र स्थानीय तहको अधिकार खोसिने गरी आएको खण्डमा गलत हो भन्ने पक्षमा संसद्मा हात उठाउनुपर्ने बताए । पाण्डेको उक्त प्रश्नको जवाफ दिँदै अध्यक्ष तिमिल्सिनाले सरकारले ल्याएका कुनैपनि विधेयक फेल भएमा सरकार नरहने चिन्ताले सबै विधेयकमा सांसद्हरू पार्टीको ह्वीपका कारण सहमति जनाउन बाध्य बनेको उल्लेख गर्दै ह्वीप नलाग्ने गरेर सांसद्हरूलाई स्वतन्त्र ढंगले छोड्नुपर्ने बताए । उनले कुनै डरबिना नि:स्वार्थ बनेर काम गर्ने हो भने संघीयता र गणतन्त्र बचाउन सकिने पनि बताएका थिए । तिमिल्सिनाले नेताहरूले संघीयता बलियो बनाउने विषयका मुद्दामा पनि पार्टीको ह्वीप स्वीकार गर्ने गरेको प्रसंग निकाल्दै यथार्थपरक बन्नुपर्ने संकेत बताए ।

यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले स्थानीय सरकारलाई संविधानले तोकिएको अधिकार दिएमात्र देशको प्रगति हुने बताए । उनले स्थानीय सरकारलाई जति अधिकार दियो त्यति देशको प्रगति हुने बताएका हुन् । श्रेष्ठले स्थानीय, प्रदेश र संघबीच अधिकारको सम्बन्धमा विवाद हुने गरेको भन्दै स्थानीय सरकारलाई संविधानले तोकेको अधिकार दिनुपर्ने बताए । उनले स्थानीय सरकारलाई बलियो बनाउनुपर्नेमा जोड दिए ।

राज्यमन्त्री श्रेष्ठले स्थानीय सरकारले जनतालाई प्रत्यक्ष अनुभूति हुने गरी गर्न प्राथमिकता दिइनुपर्ने बताए । राज्यमन्त्री श्रेष्ठले विकास निर्माणको काममा प्रदेश-प्रदेशका बिचमा प्रतिष्पर्धा हुनुपर्ने बताए । उनले प्रदेश र स्थानीय सरकारले रोजगारमूलक र व्यवसायमूलक शिक्षामा ध्यान दिनुपर्ने बताए । उनले उत्पादनमूलक उद्योगहरुको स्थापना गर्न जोड दिनुपर्ने बताए । उनले प्रदेश सरकारले ऐन, नियम तथा कानुनहरु बनाउँदा नयाँ औद्योगिक क्षेत्रहरुको स्थापना गर्नेतर्फ पनि ध्यान दिनुपर्ने बताए ।

## नयाँ भवनबाट अस्पतालको व्यवस्थापन सुध्रिने संकेत



साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ भौतिक संरचनाको अभावमा कमजोर व्यवस्थानबाट पटक-पटक विवादमा तानिँदै आएको हेटौंडा अस्पतालले नयाँ भवनबाट सेवा सुरु गरेसँगै सुध्रिने संकेत देखाएको छ ।

वर्षौंदेखि अस्तव्यस्त बनेको सरकारी अस्पताल हेटौंडा अस्पतालले हालसम्म बिरामीको चित्त बुझ्ने तरिकाबाट उपचार नगराएको आरोप लाग्दै आएको थियो । अस्पताल पुग्ने हरेक बिरामीले अनेकौं समस्या सुनाउँदा सरकारी अस्पतालहरुको बदनाम हेटौंडा अस्पतालकै कारण भइरहेको सन्देश जान्थ्यो । तर, अब अस्पतालले नयाँ भवनबाट सेवा प्रदान गर्न थालेपछि सुधारको संकेत देखाएको छ । हालै निर्मित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवनबाट अस्पतालले आइतबारदेखि सेवा सुरु गरेको हो । प्रतिष्ठान अन्तर्गत्को अस्पतालले जनशक्ति अभाव टार्दै बिरामीहरुलाई राम्रो सेवा दिने दाबी गरिरहेको छ ।

अस्पतालको पुरानो संरचनातर्फको आकस्मिक उपचार कक्षमा ७ वटा बेडमात्रै थियो । ८ वटा बेडमा करिब १५-१६ जना बिरामी राखेर उपचार गराउनुपर्ने बाध्यता थियो । आवश्यक जनशक्ति समेत नहुँदा अस्पतालले उचित व्यवस्थापन गर्न सकेको थिएन ।

नयाँ भवनबाट आकस्मिक कक्षमा २४ वटा बेडबाट बिरामीको उपचार गरिरहेको प्रतिष्ठानका रजिष्ट्रार तथा हेटौंडा अस्पताल विकास समितिका अध्यक्ष राजेश प्रसाईंले बताए । उनले जनशक्ति थप गरेपछि अस्पतालको सेवा बिस्तार गरेर बिरामीलाई लाइनमा बस्नुपर्ने बाध्यता हटाउने दाबी गरेका छन् । अस्पतालले एकैपटक १ सय ४९ जना कर्मचारी माग गरेको छ ।

अस्पतालले नयाँ भवनबाट सेवा सुरु गरेपछि बिरामीलाई सहजता भएको अस्पताल व्यवस्थापन समिति सदस्य उत्सव चौलागाई बताउँछन् । अस्पतालमा उपचार गर्न आउनेहरुको भीड रहेता पनि नयाँ भवनबाट दिइएको सेवामा सहजता भएको उनको भनाइ छ । नयाँ भवनबाट आकस्मिक र ओपीडी सेवा दिन सुरु गरिएको चौलागाईले बताए ।

## हेटौंडा जेसीजको आयोजनामा रक्तदान




साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ हेटौंडा जेसीजले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् सोमबार रक्तदान कार्यक्रम गरेको छ । रक्तदानमा २० जनाले रगत दिएका छन् ।

सञ्जय न्यौपानेको संयोजकत्वमा भएको रक्तदान कार्यक्रममा हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडा अध्यक्ष नविन सिग्देलको प्रमुख आतिथ्यता तथा हेटौंडा जेसीजका अध्यक्ष पवन कंसाकारको सभाध्यक्षता रहेको थियो । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् सोमबार हेटौंडा अस्पतालमा फलफूल वितरणसँगै 'स्लो' मोटर साइकल प्रतियोगिता पनि आयोजना भएको छ । हेटौंडा जेसीजले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् १५ वटा कार्यक्रम गर्ने घोषणा गरेको छ । २१ भदौ मंगलबार जेसीज र बैंकर्सबीच मैत्रीपूर्ण फुटसल कार्यक्रम, खुला पौडी प्रतियोगिता र सरसफाई कार्यक्रम रहेको जेसीजका महासचिव विकेशलाल श्रेष्ठले जानकारी दिए ।

जेसीज सप्ताह कार्यक्रम अन्तर्गत् २२ भदौमा वृक्षरोपण कार्यक्रम र अन्तर जेसीज वक्तृत्वकला प्रतियोगिता, २३ भदौमा अम्बिका देवी स्मृति हाजिरीजवाफ प्रतियोगिता कार्यक्रम गरिने जनाइएको छ । २४ भदौमा मकवानपुर र बाराको सीमाना चुरियामाई मन्दिर क्षेत्रमा स्वागत बोर्ड राखिने कार्यक्रम रहेको महासचिव श्रेष्ठले बताए ।

२४ भदौमै हेटौंडा-९ मा ट्राफिक सचेतना कार्यक्रम गरिने, २५ भदौमा जेसीज सप्ताह कार्यक्रम समापन तथा पुरस्कार वितरण कार्यक्रम रहेको जनाइएको छ । प्रतियोगितात्मक कार्यक्रममा भने नगदसहित पुरस्कारहरुको व्यवस्था रहेको बताइएको छ ।

## भुटनदेवीमा अनियमितता भएको छैन: प्रअ दाहाल

हेटौंडा, २० भदौ/ हेटौंडाको पुरानो भुटनदेवी माध्यमिक विद्यालयले व्यावसायिक सटर भाडाका सम्बन्धमा भएका टिकाटिप्पणीप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

विद्यालयका प्रधानाध्यापक माधवप्रसाद दाहालले ध्यानाकर्षण पत्र जारी गर्दै विद्यालयले कुनै अनियमितता नगरेको प्रष्टिकरण दिएका छन् । उनले विद्यालयबाट अनियमितता भएको भन्ने प्रचार ठिक नभएको भन्दै भ्रममा नपर्न आग्रह गरेका छन् । पछिल्लो समय भुटनदेवी विद्यालयले कानुन मिचेर नक्सा पास नै नगरी व्यावसायिक सटरहरु निर्माण गरी भाडा उठाउँदै आएको विषय उठेको थियो । विद्यालयले कानुनविपरित सटर निर्माण गरेको भन्दै उपमहानगरले डोजर चलाउनु पर्नेसम्मको दबाब नगरबासीहरुले दिएका थिए । सोही सम्बन्धमा दाहालले विधि प्रक्रिया अनुसार सटर निर्माण गरेको दाबी ध्यानाकर्षण पत्रमा गरेका छन् ।

'विधिसम्मत् व्यावसायिक सटर निर्माण गरी निजी क्षेत्रसँगको सहकार्यमा भाडामा लगाउने प्रक्रिया अबलम्बन गरिएको कुरा स्पष्ट पार्दै व्यावसायिक निर्माण र भाडामा लगाउने प्रक्रियालाई लिएर भएका टिकाटिप्पणीप्रति विद्यालय परिवारको ध्यानाकर्षण भएको जानकारी गराइन्छ', पत्रमा उल्लेख छ । सार्वजनिक सम्पत्तिको दुरुपयोग हुन नदिएर सदुपयोग गरी उच्चतम् लाभ हासिल गर्नुपर्ने मान्यतामै रहेर व्यावसायिक सटर निर्माण गरिएको दाहालले बताए । भुटनदेवी माविमा १ हजार सय ७० जना विद्यार्थी अध्ययनरत् छन् ।

Hotel Smarak

Heartily Hospitality

**आवश्यकता**

हेटौंडा-११, नवलपुर मा रहेको सहिद स्मारक पार्क नजिकै स्थित नयाँ भवन (होटल स्मारक) को लागि आवस्यक सामान सप्लाई गर्नको लागी सप्लायर्सको आवस्यकता भएको ले इच्छुक व्यक्तिले सर्म्पक गर्नको लागि निम्न ठेगाना मा निवेदन गर्न सक्नु हुनेछ ।

**आवश्यकताहरू :**

- खाद्यान्न सप्लायर्स
- माछा , मासु र अण्डा सप्लायर्स
- भेजिटेबल सप्लायर्स
- डेरी सप्लायर्स
- बेकरी सप्लायर्स

**मोबाईल: ९८२११०२२१०, ९७४५६०२६५६**



साझाकुरा

## हाम्रो कुरा

# बेचविखनविरुद्ध लागौं

मानव बेचविखन तथा ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत एवम् विश्वव्यापी समस्या हो । यसलाई जघन्य अपराधको रुपमा लिइन्छ र नेपाल पनि यस समस्याबाट अछुतो छैन । कुनै न कुनै रुपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले प्रलोभनमा पारी, भुक्याई, डरत्रास देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छाविपरित जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई मानव बेचविखन भनिन्छ । मानव वेचबिखन तथा ओसारपसार विरुद्ध जनचेतनामा बढोत्तरी ल्याउन नेपालमा प्रत्येक वर्ष मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवस नै मनाउने गरिएको छ ।

सन् २००२ मा काठमाडौंमा सम्पन्न सार्कको एघारौं शिखर सम्मेलनबाट पारित 'महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२' लाई २०६३ भदौ २० गतेका दिन तत्कालीन व्यवस्थापिका संसद्बाट अनुमोदन भएपछि सोही दिनको स्मरणमा २०६४ जेठ ११ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार सोही सालदेखि प्रत्येक वर्ष भदौ २० गतेका दिन मानव बेचविखनविरुद्धको दिवस मनाउन थालिएको हो । यसवर्ष पनि सोमबार विविध कार्यक्रम गरी बेचबिखनविरुद्धको दिवस मनाइयो । सार्क राष्ट्रहरुबीच यौन शोषणका लागि महिला तथा बालबालिका बेचबिखन गर्ने कार्यको बिरुद्धमा आपसी सहयोग तथा ऐक्यबद्धता जनाउन यो महासन्धि पारित गरिएको थियो । मानव जीवनकै कलंकका रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसार मुलुकको ठूलो सामाजिक समस्या बनेको छ । मानिसभित्र मानवीयभन्दा बढी दानवीय व्यवहार हाबी हुँदा मानव (चेलीबेटी) बेचबिखन, बलात्कार, यौनजन्य हिंसालगायत थुप्रै समस्याहरुको पुनरावृत्ति भइरहेका छन् । विगत केही समयदेखि वैदेशिक रोजगारीका लागि बाहिरिने तर त्यसबारे पर्ने समस्याका बारेमा चेतना नभएका चेलीहरु अधिकतमरुपमा बेचबिखनको उच्च जोखिममा छन् । कमजोर आर्थिक अवस्था, शैक्षिक अवस्था, चेतनाको कमी, बेरोजगार, सीमा समस्या, छोटो समयमा धेर पैसा कमाउने लालसाजस्ता कारणले मानव बेचविखन हुने गरेको पाइन्छ । यौन शोषण, दासता, मानव अंग प्रत्यारोपण, जोखिमपूर्ण श्रम, मनोरञ्जन, वैदेशिक रोजगारी तथा घरेलुलगायत विभिन्न शोषणजन्य कार्यहरुका लागि महिला तथा बालबालिकाहरुको बेचबिखन बढि हुने गरेको छ ।

हरेक क्षेत्रबाट मानव बेचबिखन न्यूनीकरणका प्रयासहरु हुँदै आए पनि त्यसको प्रभावकारिता त्यति भएको पाइँदैन । नेपालमा भइरहेका दर्जनौं आपराधिक घटनामध्ये बेचबिखन एउटा डरलाग्दो समस्याका रुपमा देखिएको छ । चेलीबेटी तथा मानव बेचबिखनविरुद्ध सरकारी तथा गैरसरकारी संघसंस्था क्रियाशील भए पनि बेचविखनको क्रम रोकिएको छैन । मानव बेचबिखन बिरुद्धको राष्ट्रिय दिवस मनाइर हँदा यसबाट पीडित/प्रभावितहरुलाई उद्दार, संरक्षण, पुनर्स्थापना तथा पुन:एकीकरणको कार्यलाई व्यवस्थित गर्न प्रभावकारी कदम चाल्नु आवश्यक देखिन्छ । संविधानले नै मानव बेचबिखन तथा दास बनाएर राख्न नपाउने व्यवस्था गरेको अवस्थामा बेचविखन नियन्त्रणमा सरोकारवाला निकाय अझ गम्भीर बन्नुपर्ने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २२ गते बुधबार ७ सेप्टेम्बर २०२२ । जलाध्व ११४२ । वामन द्वादशी ब्रत/निजामती सेवा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आलश्यता | तुला | : भित्रजन भेट |
| वृष | : सुख प्राप्ति | वृश्चिक | : शत्रुबाट मुक्त |
| मिथुन | : प्रेममा सफलता | धनु | : यात्राको योग |
| कर्कट | : शुभ कार्यको थालनी | मकर | : आफन्तजन भेट |
| सिंह | : धन प्राप्ति | कुम्भ | : अध्ययनमा बाधा |
| कन्या | : मिष्ठान्न भोजन | मीन | : धन नष्ट |

# जय लोक सेवा आयोग



लक्ष्मी विलास कोइराला

वाग्मती प्रदेशको प्रदेश लोक सेवा आयोगले प्रदेश प्रमुखलाई वार्षिक प्रतिवेदन बुझाएपछि समाचार आयो स्थानीय तहहरुले रीक्त दरवन्दीमा पदपूर्ति गर्न योग्य उम्मेदवार छनौट गर्न प्रदेश लोक सेवा आयोगमा माँग गरेनन् । रिक्त दरवन्दीमास्थानीय निकायका पदाधिकारी मेयर, उपमेयर, वडाध्यक्ष वा राजनीतिक दलका कार्यकर्ता अस्थायी कर्मचारी छन् । आयोगमा माँग पठाउनासाथ आयोगबाट सिफरीस भएर आएपछि पदबाट हटाउन पर्ने कारण वर्षौदेखि माँग नपठाएर बसेको तथ्य वाग्मती प्रदेश लोक सेवा आयोगले प्रकाशनमा ल्याएकोछ ।कर्णाली प्रदेश लोक सेवा आयोगले लिखित परीक्षाको उत्तर पुस्तिकामा नाम र मोवाईल नम्बर लेख्ने परीक्षार्थीहरुलाई रेस्टिकेट गरेकोछ । सत्प्रयासका लागि प्रदेश लोक सेवा आयोग दुबैलाई साधुवाद ; सरकारी कार्यालयमा रिक्त दरबन्दी लुकाएर राख्नाले सेवा प्रवेश गर्न चाहने लाखौं युवाहरुलाई नकारात्मक प्रभाव पर्दछ । निजामती सेवा ऐनले रिक्त पदहरु छ महिनाभित्र लोक सेवा आयोगमा माँग गरी पठाउनु पर्ने व्यवस्था गरेकोछ ।

प्रदेश लोक सेवा आयोगले सबैभन्दा ठुलो कर्मचारी दरवन्दी भएको काठमाडौं महानगर पालिकाले रिक्त दरवन्दीमा स्थायीरुपमा पदपूर्ति गर्न माँग नगरेको जनाएकोछ । स्थानीय तहमा नयाँ पदाधिकारीहरु निर्वाचित भएर आएकाछन् आशा गरौं, आउँदा दिनहरुमा रिक्त दरवन्दी पदपूर्तिका लागि समयमा नै प्रदेश लोक सेवा आयोगमा माँग गरी पठाईनेछ ।वाग्मती प्रदेश लोक सेवा आयोगको प्रतिवेदनको सन्दर्भमा यी हरफहरु लेखिरहँदा मलाई पुराना दिनहरुको याद आउँछ । म झण्डै चालिस वर्ष त्रिभूवन विश्वविद्यालयमा स्नातकोत्तर अध्ययन गर्न काठमाडौंआएको थिएँ । तिनताका चितवन र काठमाडौं छोटो बाटो र राम्रो टेलिफोन सुविधाले जोडिएका थिएनन् । चितवनबाट हेटौंडा हुँदै बसमा काठमाडौं आउनु पर्दथ्यो, कि त हवाई जहाजमा । हेटौंडा हुँदै काठमाडौं आउनु सहज थिएन् । काठमाठौं आई सकेपछि बाआमासँग समाचार आदान प्रदान गर्न पनि सरल थिएन । काठमाडौं आउँदा धेरै पैसा बोकर आउने सम्पति पनि थिएन । घरबाट आउँदा ल्याएको पैसा सकिएपछि पैसाको अभावका बेहोरेका अप्ठयारा दिनहरु अहिले सम्झदा कहाली लाग्छ । पैसाको अभावमा एकछाक मात्र पनि कति रातहरु गुज्रिए । त्यसैवेला गाउँले दाइहरुले राजधानीमा टिक्न र बाँच्नको लागिकाम खोज्न सल्लाह दिए । गाउँबाट आएको सोझो केटा मलाई जागिर खोज्न सजिलो थिएन् । मैले कुनै ठुलो मान्छेलाई चिनेको पनि थिईन् । "जीवनमा प्रयासबाट परिणाम आएन भनेर हरेश खान हुदैन् छोरा," बाको आर्शिवचन मेरो कानमा गुन्जिर हन्थ्यो। म निरन्तर जागिरको खोजमा लागि रहें । विभिन्न संस्थानका ढोका ढोका चहारें । हरेक दिन कार्यालयहरुमा जागिर पाईन्छ की भन्दै हिड्ने मेरो दैनिकी नै बनेको थियो ।

राष्ट्रिय कम्प्युटर केन्द्रका कार्यकारी प्रमुखले एकदिन भेट्न दिए । पानी चिया विस्कुट खुबाए । र भने जागीर खुबाउने काम हाम्रा लागि पनि कठिन काम हो । तपाईलाई केही थाहा भए भन्नुहोला "मेरा आफन्तहरुलाई पनि जागिरमा लगाउनुछ" । उनको कुरा र चिप्लो व्यवहार देखेर हस् ;भन्दै खाँदा खाँदैको चिया बिस्कुट छोडेर म हिडें । मलाई आफुप्रति थोर दया लाग्यो । हरेक दिन जागिर खोज्दै हिडदा वेलुका त म थकाईले लखतरान हुन्थें । भात पकाउन जागर हुँदैनथ्यो । अनि च्यूरा चपाएर सुत्दथें । आत्मग्लानीले रातभरी टोक्दथ्यो, थाके पनि निदाउन सके पो । अनि भन्थे "भोलीदेखि जागिर खोज्न हिड्ने काम बन्द ।" तर विहान भएपछि, खाली पकेटले आरामगर्न अनुमती दिदैनथ्यो । उही पुनरावृति हुन्थ्यो, निरन्तर ।

म जागिर खोज्न हिडिरहें । तर, जागिर पाउन सकिन । बाआमाको काखबाट टाढा बस्नु सजिलो थिएन् । एउटा फायदा भनेको उहाँहरुको कचकच मात्र हो, सुन्नु नपर्ने । तर उहाँहरुको मायाप्रेमको अगाडि शुन्य रहेछन् सबै । मलाई आफनो गाउँ र बाआमाको सम्झनाले भुतुक्क पार्दथ्यो । कति रमाईला थिए, गाउँघर मा बाआमाको काखमा रहँदा । अहिले बाआमाले घरबाट आउँदा दिनु भएको र काठमाडौंमा र हँदा कसैको हातबाट पठाउनु भएको पैसाले महिनासम्म धान्नु कम्ता त गाह्रो थिएन् । जब घरबाट बाले पठाई दिनु भएको पैसा हात पर्दथ्यो त्यो दिन म आफुलाई संसारको सबैभन्दा धनी मान्छे सम्झन्थें । तर अफसोच, सबै पैसा त्यहीदिन सकिन्थ्यो, कोठा भाडा, दोकानमा खाएको उधारो तिर्दा तिर्दैमा । जागिर खोज्ने कामले पढन पनि अप्ठेरो हुँदै गयो । विश्वविद्यालय पुगेर क्लास लिन भ्याउँदै, नभ्याउँने ।पढाईमा केन्द्रीत हुन पनि कठिन । तैपनि शनीवार, शनीवार साथीभाइको सहयोगमा अर्थशास्त्रका नोटहरु सबै कपि गर्दथें । म उनीहरुको आजसम्म पनि ऋणी छु । एकदिनको कुरा हो म सडकबाट हिड्दै थिएँ ।

एउटा अफिस अगाडि मान्छेहरुको भीडदेखें । म जस्तै केटाकेटी उभिएको देख्दा लाग्यो त्यहाँ जागिर बाँडिरहेको होला । म हतार हतार उतै सोझिएँ । त्यो अफिस कुनै नभएर लोक सेवा आयोगको कार्यालय रहेछ । भीडमा उभिएका केटाहरुलाई मैले सोधें "किन भीड भएको हो ?" एउटा केटाले उत्तर दियो लोक सेवा आयोगले भरखर शाखा अधिकृतको लिखित परीक्षाको नतिजा प्रकाशन गरेको रहेछ, त्यै हेर्ने भीड हो । पास हुने केटाहरुको मुहारमा चमक थियो, सरकारी जागिर पाएको खुसीमा । लोक सेवा आयोग अगाडिको भीड र पास हुने केटाहरुको अनुहारमा देखिएको चमकले मेरो मनमा आशा जगायो । उत्प्रेरणा आयो ।यहाँ देखिने केटाहरु सबै मेरै शैक्षिक पृष्ठभूमिका र उस्तै उमेरका थिए । यदी म जस्तै पढेका विद्यार्थीहरुले लोक सेवा आयोगका परीक्षाहरु पास गर्न सक्दछन् भने मैले किन सक्दिन ? लोक सेवा आयोगको शाखा अधिकृतको परीक्षा पास गर्ने अठोट मेरो मनमा पलायो । म लोक सेवा आयोगको बारेमा जान्न उत्सुक भएँ । लोक सेवा आयोग एक संवैधानिक आयोग रहेछ । सरकारलाई आवश्यक पर्ने कर्मचारी आपूर्ति गर्न योग्यताको परीक्षाहरु लिई योग्य उम्मेदवार जागिरको लागि सिफरिस गर्ने काम आयोगले गर्ने पनि बुझें । लोक सेवा आयोगले मेरिटको आधारमा योग्यता परीक्षण गर्ने कारणपढेलेखेको व्यक्ति पास हुने गर्दा रहेछन् । राणकाल मै रहेछ लोक सेवा आयोग । राणालाईत देशको प्रशासन चलाउन योग्य व्यक्ति चाहिएको रहेछ भने प्रजातान्त्रिक सरकारलाई त नचाहिने कुरै भएन् । यसकारण आयोगलाई संवैधानिक आयोगको रुपमा सम्मान दिईसरकारी सेवाको लागि आवश्यक पर्ने योग्य उम्मेदवार छान्ने जिम्मेवारी पनि दिईएकोरहेछ । यसपछि हरेक हप्ता म लोक सेवा आयोग जाने आयोगका भित्ताहरुमा टाँसिएका परीक्षा सम्बन्धी विज्ञापनहरु हेर्ने आउने गर्न थाले । एउटा पानासोनिक रेडियो किनेर समाचार तथा हरेक बुधवार रातीको नौ बजे आउने आयोगका सूचनाहरु सुन्न थालें । लोक सेवा आयोगबाट शाखा अधिकृत पदका लागि लिईने परीक्षाको कोर्ष आयोगको लाईब्रेरीमा बसेर वुलेटिनबाट सारे । कोर्षको अगाडि राखेर पढन थालें । शाखा अधिकृत पदका साथै सार्वजनिक संस्थानहरुका परीक्षाका लागि पनि एकैसाथ पढन थालें । संस्थानहरुसँग सम्बन्धित ऐन कानून पढन कानून पुस्तकालय जान्थें । समय समयमा अमेरिकन, बृटिस, ईण्डियन त्रिभूवन विश्वविद्यालयका पुस्तकालयहरु गएर पढन थालें । टिप्दा टिप्दै सामान्य ज्ञानको त ठेली नै बन्यो । चाहिने किताबहरुपनि किने पढें । तिनताका गाईड हुँदैनथे ।

पत्रपत्रिका र किताव पढेर आफै उत्तर लेख्नु पर्दथ्यो । आफै प्रश्न बनाउने आफै उत्तर लेख्ने अभ्यास गरेर कपिका पानाहरु भर्न थाले । शाखा अकितको विज्ञापन खुल्यो । सँगै अन्य संस्थानहरुको पनि अधिकृत पदका विज्ञापनहरु पनि भए । खुलेका विज्ञापन मेरो तयारीको अग्नि परीक्षा थियो । अत्यन्त शान्त मुडमा परीक्षा दिन गएँ । आफ्नो तयारीप्रति म पूर्ण सन्तुष्ट थिएँ । आत्मविश्वासी भएर लेख्न बसें । तर, प्रश्न हेर्दा जानकारी भयो मेरो पढाई त छेऊ पनि पुगेको रहेनछ । तैपनि जति लेखे त्यो सही उत्तर लेखेकोमा म खुसी थिएँ । रिजल्ट हुँदा खुसीको सीमा रहेन्। म लोक सेवा आयोग लगायत नेपाल राष्ट्रबैंक, कर्मचारी सञ्चय कोष, राष्ट्रिय समाचार समिति र कृषि विकास बैंकका लिखित परीक्षामा उस्तै उस्तै समयमा पास भए । लोक सेवा आयोगको निष्पक्षताले मैले नेपाल सरकारको जागिरमा प्रवेश गर्न सके । अवकाश हुनु पूर्व आयोगमा पनि काम गर्न पाएँ ।

जय होस, लोक सेवा आयोग । लोक सेवा आयोगको निष्पक्षताको प्रणाली एक दिन एक वर्षमा बनेको होईन् । आयोगमा काम गर्ने कर्मचारीहरुको एउटा एउटा विचारको जोड र ईमान्दार योगदानले बनेको हो । आयोगको आफनै कार्य तालिका हुन्छ । कार्य तालिका अनुसार काम गर्नु नै आयोगको सफलता र विश्वासको कडि हो । प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तर पुस्तिका परीक्षण, अन्तरवार्ता, ईन्ट्रे परीक्षण र नतिजा प्रकाशन सम्बन्धमा आयोगले आँफनैढंगले विशेषज्ञता हासिल गरेकोछ । लोक सेवा आयोगबाट हामी दक्षिण अफ्रिकाको लोक सेवा आयोगको अध्ययन भ्रमण गएका थियौं । त्यसवेला हामीले हाम्रो परीक्षा प्रणालीको विशिष्टता जानकारी पाँउदा त्यहाँका अध्यक्ष छक्क परेको म आज पनि सम्झन्छु ।लोक सेवा आयोगको स्थापित प्रणाली कसैले बिर्गाछु भन्दा पनि बिर्गान सक्दैन् । आयोगको पदाधिकारी वा कर्मचारी भएर कामगर्दा उस्ले आयोगको सिष्टम विगाऱ्यो भने ऊ देशद्रोही जनद्रोही अपराधी ठहर्छ । आयोगको निष्पक्षता, मेरिट र प्रतिस्पर्धाका कारण हरेक परीक्षार्थी परीक्षामा सफल हुनको लागि पढने लेख्ने गर्न स्वत: उत्प्रेरित हुन्छ । उसलाई कसैले उत्प्रेरित गरिरहनु पर्दैन् । आयोगको ईमान्दारीता, निष्पक्षता र गुणमा आधारित परीक्षा हुने कारण आयोगका परीक्षामा कसैलाई पास र फेल गर्न भनेर राजनीतिक दवाव पनि आउँदैन । र परीक्षार्थीले परीक्षामा असफल भए पनि आफनो तयारी नपुगेर परीक्षा बिग्रिएको होला भन्ने विश्वास गर्दछ । आयोगले धाँधली गऱ्यो भन्ने आरोप लगाउँदैन् । यही आयोगले बर्षौ लगाएर कमाएको विश्वास, आस्था र सम्मान हो ।

आयोगको आफ्नै स्थापित कार्यपद्धति छ भनेर आयोग चुप रहने वेला छैन् । आयोगले आफ्नो परीक्षा प्रणालीलाई निरन्तर सुधार गर्नु पर्ने हुन्छ । तर "डोमिनो प्रभाव" को ख्याल राख्दै । गुणस्तरीयता र गोप्यताको सन्तुलन मिलाउन ज्यादै नै संवेदनशील हुन जरुरी छ । आयोगले आन्तरिकरुपमा कर्मचारी प्रशासन, शाखा वितरण र कार्यप्रगतिमा पनि ध्यान केन्द्रीत गर्नु पर्ने देखिन्छ । साथै, सूचना सञ्चार प्रविधिको प्रयोगमा पनि बढी संवेदनशील हुन जरुरी छ । आयोगले कमाएको विश्वास, कार्य प्रणाली र कार्य संस्कृति प्रदेश लोक सेवा आयोगहरुमा पनि स्थानान्तरण भएर गएकोछ ।

प्रदेश लोक सेवा आयोगहरुको चिन्ता चासो र सक्रियताले त्यही भन्छ । प्रदेश लोक सेवा आयोगमा कार्य प्रणाली, कार्य संस्कृति हस्तान्तरणमा पहिले लोक सेवा आयोगमा काम गरेका कर्मचारीहरुको ईमान्दारीपूर्वक अमुल्य योगदान रहेकोछ । ती कर्मचारीहरुलाई पनि साधुवाद । आयोग नहुँदो हो त स्पोईल प्रणालीको वोलवाला हुन्थ्यो । राजनीतिक पहुँच भएका धनीमानी सभ्रान्त वर्गका व्यक्तिका छोराछोरीहरु मात्र सरकारी सेवामा प्रवेश गर्दथे । लोक सेवा आयोग मेरिट प्रणालीको पर्याय हो । गरिब, आबाजविहिन असहायहरुको भरोशाको केन्द्र हो ।

लोक सेवा आयोग नभएको भए म निजामती कर्मचारी बन्न कहिल्यै पनि सक्दैनथें । लोक सेवा आयोग भएकाले मैले सरकार र जनताको सेवागर्ने अवसर पाएँ । लोक सेवा आयोग रहेसम्म सरकारी जागिर खान कसैले पनि कसैलाई भनसुन गर्नु पर्दैन् । निजामती सेवा लगायत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र वल, सार्वजनिक संस्थानहरुका लागि आवश्यक पर्ने जनशक्तिको लिखित योग्यताको परीक्षण पनि आयोगले गर्ने भएकाले निजामती सेवा लगायत सबै सेवामा अभूतपूर्व रुपमा विकेन्द्रीतरुपमा देशको कुनाकुनाबाट युवाहरुको प्रवेश बढेकोछ । युवाहरुलाई मेरो सल्लाह छ "ईमान्दार मेहनत गरेर पढनुस् लेख्नुस् सरकारी जागिर तपाई कै हातमा छ ।" लोक सेवा आयोग तपाईको साथमा छ । जय लोक सेवा आयोग । जय प्रदेश लोक सेवा आयोग ।

*(स्रोत: अनलाइनखबर)*

# माझी : समयको खोलामा हराएको एक समुदाय




बर्षा सेढाइ/अम्रेश शाह

रामेछापको खोला किनारमा रहेको माझी बस्ती नेपाल आदिवासी जनजाति समुदायको साझा भूगोल हो। भौगोलिक रूपमा विविधतापूर्ण नेपालको पूर्वदेखि पश्चिमसम्म विभिन्न आदिवासी तथा जनजातिहरूको बस्तीले सजिएका छन्। कुल जनसंख्याको ३५.८ प्रतिशत आदिवासी जनजाति छन्। नेपालले ५९ वटा यस्ता समुदायलाई कानुनी मान्यता दिएको छ। सामान्यत: आदिवासी जनजातिका धेरै समुदाय सीमान्तकृत र बहिष्करणमा परेका छन्।

कुनै समुदाय जतिसुकै पिछडिएको वा सीमान्तकृत किन नहोस्, समाजमा आफ्नै छुट्टै पहिचान, इतिहास, कला र संस्कृतिले चिनिन्छ। अधिकांश अवस्थामा यी समुदायका लागि कला र संस्कृतिले उनीहरूको जीविकोपार्जनलाई निरन्तरता दिन मद्दत गर्दछ । नेपालका धेरै आदिवासी सीमान्तकृत समुदायमध्ये माझी समुदाय पनि एक हुन्। आफ्नो पहिचानलाई अगाडि बढाएर उनीहरू जीवन सरल किसिमले चलाउन चाहन्छन्। आफ्नो कलालाई माध्यम बनाएका माझी समुदाय आजसम्म पनि अरु सीमान्तकृत समुदायको सापेक्षतामा समाजमा चिनिन सकेका छैनन्। फलत: उनीहरू राज्यबाट पाउने फाइदाबाट वञ्चित छन्।

माझी समुदायको बसोबास काठमाडौंकै नजिकदेखि टाढासम्म पनि भेट्न सकिन्छ। काठमाडौं नजिक काभ्रेदेखि उनीहरूको बसोबास सुरु हुन्छ। खोलामा गएर माछा मारेर आफ्नो जीविका चलाउने र डुंगा बनाउने समुदाय भएका कारणले यिनीहरूको नाम माझी हुन गएको हो।माझी समुदायको आफ्नो छुट्टै भाषा छ। आज पनि आफ्नो समुदायभित्रको छलफलमा उनीहरू आफ्नै भाषाको प्रयोग गर्छन्। उनीहरू आफ्नो भाषालाई 'माझी कुरा' भन्छन्। समाजबाट टाढा भएका माझीहरू आफ्नो संस्कृतिबाट टाढा गएका छैनन्। उनीहरूले आफ्नो संस्कृति र परम्पराको संरक्षण गर्न विभिन्न पूजाको चलन पनि चलाउँदै आएका छन्। यस्तो जमघटमा उनीहरू 'माझी कुरा' गर्छन्। बर्सेनि हुने पूजा होस् वा श्राद्ध, माझीहरूको आफ्नै छुट्टै मौलिकता छ। उनीहरूले यस्तो मौलिक अभ्यास नयाँ पुस्तामा सकुशल हस्तान्तरण गर्न उपायहरूको खोजी गरिरहेका छन्।

माझी समुदायमा बिरामी हुँदा धामीकोमा जाने र स्थानीय रूपमा उपलब्ध जडीबुटीको प्रयोग गर्ने प्रचलन पहिलेदेखि नै चल्दै आएको हो। नेपालको कुनै पनि कुनामा यो चलन मज्जाले देख्न सकिन्छ। माझी समुदायमा घरमा कोही बिरामी हुँदा अस्पताल जानुअघि पहिले घरेलु उपचारको प्रयोग गर्ने चलन छ। यदि घरेलु उपचारले मद्दत हुँदैन भने धामीकोमा जाने प्रचलन छ। यी दुवै उपायले काम गरेन भने अन्तिममा मात्रै उनीहरू अस्पताल जान्छन्। माझी समुदायले पहिलेदेखि नै माछा मार्ने र आफ्नो घर चलाउने काम गर्ने गर्थे। आजको दिनसम्म पनि यो समुदाय यही कामकै वरिपरि घुमिरहेको छ। गुणस्तरीय पढाइको कमिले गर्दा माझी समुदायका बालबच्चाहरू आज पनि आफ्नो पुरानै काममा लाग्नुपर्ने स्थिति देखिन्छ।



माछा मार्ने र घर चलाउने काम भने आजकल आएको नयाँ चलनले रोक्न बाध्य भएका छन् माझी समुदायहरू। समयसँग आउने परिवर्तनले माझीहरू आफ्नो पुर्ख्यौली पेशा छाडेर रोजगारीका लागि नयाँ रोजगारीको खोजीमा भौंतारिनुपरेको छ। पेशा मात्रै होइन, प्रकारान्तरमा आफ्नो पुर्ख्यौली भूमि पनि त्याग्नुपर्ने अवस्थामा उनीहरू पुगेका छन्। जीविकोपार्जन र आर्थिक सुरक्षाको लागि शहर पस्ने र बसाइँसराइ गर्ने अभ्यास बढ्दो छ। नयाँ ठाउँ र शहरमा नयाँ काम खोज्ने र पैसा कमाएर जीवन सजिलो बनाउने चलन बढेको छ। नयाँ पुस्ता अध्ययनका लागि शहर-बजार पुग्ने र अन्य समुदायसँगको अन्तरक्रिया वृद्धि हुँदा माझी संस्कृति र परम्परा भने हराउँदै जान थालेको छ।'बर्मा गए कर्मसँगै' भने जस्तै माझी समुदायसँगै उनीहरूको दु:खले पनि बसाइँ सर्छ।

उपयुक्त सीप र शिक्षाको कमिले जोखिमयुक्त र सस्तोमा श्रम बेच्नुपर्ने अवस्थामा छन् उनीहरू। राजनीतिक रूपमा पनि उनीहरूले राज्यबाट आवश्यकताअनुसार संरक्षण पाउन सकेका छैनन्। अति सीमान्तकृत समुदायमा रहेका माझी समुदाय आफ्नो भाषा, पहिचान र संस्कृति संरक्षण र प्रवर्धन होस् भन्ने चाहन्छन्। किनकि हरेक सीमान्तकृत समुदायसँग आफ्नो पहिचान र संस्कृतिको संरक्षण र सम्मानको अधिकार हुन्छ ।*साभार : अनलाइनखबर*

# 'झिँगेदाउ'को जेष्ठ नागरिक अफर

शुक्रबारदेखि प्रदर्शनमा आएको सिनेमा 'झिँगेदाउ'लाई अब जेष्ठ नागरिकले सित्तैमा हेर्न पाउने भएका छन् । राजधानीका बिएसआर मुभिज, अष्टनारायण पिक्चर्स र काभ्रे बनेपास्थित शुभकामना हलले जेष्ठ नागरिकका लागि यस्तो स्किम ल्याएका हुन् ।

आमा-सन्तानबीचको भावनात्मक कथा भनेका कारण बिएसआर मुभिजले ६५ वर्ष माथिका जेष्ठ आमाहरुको लागि सित्तैमा सिनेमा देखाउने घोषणा गरेको हो । निर्माण पक्षले दिएको जानकारी अनुसार अष्टनारायण पिक्चर्स र शुभकामना हलले प्रदर्शन अवधिसम्म जेष्ठ आमा-बुबा दुवैलाई सित्तैमा सिनेमा देखाउने छन् । शुक्रबार औसत व्यापार गरेको 'झिँगेदाउ'ले शनिबारबाट रफ्तार समातेको थियो । शनिबार अधिकांस हल हाउसफुल भएका थिए । आइतबारदेखि पनि सिनेमाको ट्रेन्ड राम्रो छ । बलियो 'वर्ड अफ माउथ'ले सिनेमा लामो रेसको घोडा बन्ने संकेत देखिएको छ ।



सिनेमालाई दर्शकको राम्रो साथ र प्रतिक्रिया मिलेपछि निर्देशक ज्ञानेन्द्र देउजाले ७ वर्षपछिको कमब्याक सफल भएको महशुस गरेका छन् । यस्तै अभिनेत्री केकी अधिकारीले वर्षौंपछि हलमा परिवारसहित दर्शक फर्किदा खुसि मिलेको बताइन । दर्शक प्रतिक्रिया राम्रो मिलेका कारण आगामी दिनमा पनि सिनेमाले राम्रो व्यापारको शिलशिलालाई कायम राख्ने आशा व्यक्त गरिन ।अभिनेत्री आँचल शर्माले दर्शक प्रतिक्रिया र उपस्थितिले उत्साह मिलेको बताइन । दर्शक प्रतिक्रिया बुझ्न आँचल सोमबार चितवन पुगेकी छन् । उनले त्यहाँ दर्शकसंग साक्षात्कार गर्ने छिन् ।आमा र छोरा-बुहारीहरुको कथा भन्ने सिनेमामा केकी र आँचलसंगै मुकुन भुषाल, कुशल विष्ट, हिँउवाला गौतम, संगम भण्डारी, विजय देउजा, आर्यन खड्का, अभयराज बराल, आशा भुषाललगायतको पनि अभिनय रहेको छ ।सिनेमामा अर्जुन पोखरेलको संगीत, विष्णु घिमिरे (कल्पित)को छायांकन, रोशन श्रेष्ठको एक्सन र मित्रदेव गुरुङको सम्पादन छ । सुलभ प्रतिक देउजा र समिक्षा देउजाले निर्माण गरेको सिनेमामा सुशील दाहाल र इश्वर घिमिरेको सहनिर्माण छ । सिनेमा कपनगडी सिनेमा र फिल्म क्रियु नेपालको व्यानरमा निर्माण भएको हो ।*साभार :इकागज*

# बन्दीपुरमा पर्यटन शाखा

तनहुँ, २० भदौ (रासस)/ पहाडकी रानी उपनामले परिचित बन्दीपुरमा पर्यटन प्रवर्द्धनका लागि पर्यटन शाखा स्थापना गरिएको छ । बन्दीपुर गाउँपालिका कार्यालय तनहुँले आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सहज बनाउन सो शाखा स्थापना गरेको हो ।

पर्यटन प्रवर्द्धनका लागि विभिन्न सङ्घसंस्थासँग हातेमालो गर्दै प्रचारप्रसारका कार्यलाई तीव्रताका साथ अघि बढाउने योजना सो शाखाले बनाएको छ । पालिकास्तर बाट पर्यटन क्षेत्रको विकासका लागि नियमित काम गर्नेगरी जनशक्ति सहित व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिए ।

पोखरा क्षेत्रका व्यवसायीसँग सहकार्य गरेर पोखरा घुम्न आएका पर्यटकलाई बन्दीपुर ल्याउने वातावरण सिर्जना गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम रहेको उनले बताए। गाउँपालिका कार्यालयले पर्यटन क्षेत्रको विकासका लागि सुरुमा रु २० लाख बजेट विनियोजन गरे पनि वडागत र पालिकास्तरमा विभिन्न शीर्षकअन्तर्गत बजेट विनियोजन गरेको छ ।

# बुटवल र भैरहवाका व्यवसायीले पाउने भए गुणस्तरीय बिजुली



काठमाडौँ, (रासस) / बुटवल तथा भैरहवा क्षेत्रका उद्योगी व्यवसायीको सधैँको गुनासो हुन्थ्यो, गुणस्तरीय बिजुली पाइएन, उद्योग व्यवसाय राम्ररी चलाउन सकिएन ।

दैनिक नै १२ पटकभन्दा बढी बिजुली 'ट्रिपिङ' हुँदा कच्चा पदार्थ खेर गयो । थप बिजुलीका लागि जेनेरेटर चलाउनुपर्दा लागत बढ्यो, धेरैपटक व्यवसायीले सरकारको ध्यानकर्षण गराए । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकको समेत ध्यानाकर्षण गराए । लामो प्रयासपछि अब भने त्यस क्षेत्रका व्यवसायी एवं उद्योगीले गुणस्तरीय बिजुली पाउने भएका छन् ।

प्राधिकरणले प्रयास नगरेको पनि होइन । अनेकन समस्याका कारण प्रसारण लाइन निर्माणमा जटिलता रहँदै आएको थियो । पछिल्ला दिनमा प्राधिकरणले सबै समस्याको समाधान गरेको छ । रुपन्देहीको भैरहवा क्षेत्रको विद्युत् आपूर्ति भरपर्दो तथा गुणस्तरीय, प्रसारण क्षमता वृद्धि र प्राविधिक चुहावट नियन्त्रणमा निर्माण गरिएको योगीकुटी (बुटवल)बामैनहियासम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइन आज उद्घाटन भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सरकार र नेपाल विद्युत् प्राधिकरणको लगानीमा निर्माण सम्पन्न बुटवल-लुम्बिनी डबल सर्किट प्रसारण लाइन र त्यसअन्तर्गतको मैनहिया सबस्टेसनको उद्घाटन गरेकी हुन् । प्रसारण लाइन र सबस्टेसनको निर्माणसँगै भैरहवा क्षेत्रमा करिब दुई सय मेगावाट विद्युत प्रवाह गर्नसक्ने पूर्वाधार तयार भएको छ । साथै भैरहवा क्षेत्रको विद्युत् आपूर्तिमा सुधार भएको छ ।उद्घाटन कार्यक्रममा मन्त्री भुसालले आन्तरिकरुपमा खपत गरेर बढी भएको विद्युत् अन्तर्राष्ट्रिय बजारमा बिक्री गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्यका साथ काम भइरहेको बताइन् । "विद्युत् नपुगेको ठाउँमा दुई वर्षभित्रमा विद्युत् पुऱ्याउने र पुगेको ठाउँमा पूर्वाधार निर्माण गरी गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्तिका लागि काम गरिरहेका छौँ, यसका साथै बूढीगण्डकीलगायतका ठूलाजलशाययुक्त आयोजना निर्माण गरिनेछ", उनले भनिन्।

खाना पकाउन प्रयोग हुने एलपी ग्यासको विस्थापित गर्ने, उद्योगलाई मागेजति विद्युत् दिने, यातायातमा विद्युतीय सवारीसाधन प्रयोग गर्ने, कृषिको उत्पादकत्व बढाउन सिँचाइमा विद्युत् प्रयोग गरी अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै समृद्धितर्फ अगाडि बढ्नुपर्नेमा उनको जोड छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले प्रसारण लाइन र सबस्टेसन निर्माणपछि यस क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुने विश्वास व्यक्त गरे ।प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रसारण लाइनबाट बुटवल, भैरहवा क्षेत्रको विद्युत् आपूर्तिमा सुधार भएको र उद्योगलाई मागेजति विद्युत् दिन सकिने अवस्था बनेको बताए । बुटवल सबस्टेसनमा मात्र विद्युत् आपूर्ति दिँदा विगतमा समस्या रहेको उल्लेख गर्दै उनले अब यस क्षेत्रमा विद्युत् केन्द्र बनेको र वितरण प्रणालीमा सुधार भएको बताए ।

"विद्युत्भार कटौती अन्त्य एउटा काम थियो, अब वितरण प्रणाली सुधार र २४ सै घण्टा भर पर्दो तथा गुणस्तरीय विद्युत् आपूर्ति, उद्योगलाई मागजति विद्युत् दिन पूर्वाधार विस्तार तथा सुदृढीकरणका लागि काम भइरहेको छ, अहिले आन्तरिकरुपमा खपत गरेर बढी भएको विद्युत् दैनिकरुपमा झण्डै रु १० करोडको निर्यात गरिरहेका छौँ", उनले भन्नुभयो ।

सियारी गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरे र चेम्बर अफ कमर्शका जेपी कँडेलले प्रसारण र सबस्टेसन सञ्चालनपछि यस क्षेत्रको विद्युत् आपूर्तिमा सुधार भएको उल्लेख गरे । बुटवल सबस्टेसनबाट मैनहिया सबस्टेसनसम्मको १८ किलोमिटर बुटवल-लुम्बिनी प्रसारण लाइनको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको हो । १३२/३३/११ केभी मैनहियामा सबस्टेसन सञ्चालनमा ल्याई त्यस क्षेत्रमा विद्युत् आपूर्ति दिइएको आयोजना प्रमुख हरि पाण्डेले बताए । स्थानीयरुपमा विद्युत् आपूर्तिका लागि मैनहिया सबस्टेसनबाट ३३ केभीका १० वटा फिडर निकालिनेछ । त्यसमध्ये चार वटा फिडर अहिले सञ्चालनमा रहेका छन् । विद्युतको भोल्टेजको सुधारका लागि दुई वटा क्यापासिटर बैंक राखिएको छ ।

कूल १८ किलोमिटर प्रसारण लाइनमा ५७ टावरको निर्माण गरिएको छ । बुटवल बजार क्षेत्रमा १३२ केभी प्रसारण लाइनलाई दुई किलोमिटर भूमिगत गरिएको छ । प्रसारण लाइन आयोजनाको प्रारम्भिक काम आर्थिक वर्ष २०७०/७१ मा सुरु भएको थियो । रुट परिवर्तन, कोभिड-१९को महामारीलगायतका कारणले आयोजनाको निर्माणमा केही ढिला भएको थियो । आयोजनाको अनुमानित लागत ९५ लाख अमेरिकी डलर रहेको छ ।

मैनहिया सबस्टेसनबाट भारतको उत्तरप्रदेशसँग विद्युत् प्रवाहका लागि १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ । मैनहिया सबस्टेसनबाट भारतको उत्तर प्रदेशस्थित सम्पत्तिया (न्यू नौतनुवा) सबस्टेसन जोड्ने प्रसारण लाइनको निर्माण अन्तिम चरणमा छ । अहिले उत्तर प्रदेशसँग ३३ केभीको मात्र प्रसारण संरचना रहेकामा मैनहिया-सम्पत्तिया बन्नेपछि नेपाल-भारतबीचको आन्तरदेशीय विद्युत् व्यापारलाई अझ सहज बन्नेछ ।

# नेपाली पर्यटकलाई विदेशमा सहज घुम्न पाउने व्यवस्था गर्न नाट्टाको माग

काठमाडौँ (रासस) / नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले नेपाली पर्यटकलाई विदेशमा सहज रुपमा घुम्न पाउने व्यवस्था गर्न माग गरेको छ ।

नाट्टाका अध्यक्ष रमेश थापाले आज एक विज्ञप्ति जारी गरी गृह मन्त्रालयले हालसालै जारी गरेको 'पर्यटक भिसामा विदेश प्रस्थान अनुमतिसम्बन्धी कार्यविधि-२०७९' ले नेपाली पर्यटकलाई विदेश भ्रमणमा जान निषेधात्मक प्रावधान राखेको भन्दै त्यसलाई सच्याएर सहजरुपमा विदेश घुम्न पाउने व्यवस्था गर्न माग गरेका हुन्।

सरकारले ल्याएको कार्यविधिले नेपाली पर्यटकको स्वतन्त्रतापूर्वक घुमफिर गर्न पाउने नैसर्गिक अधिकारलाई चुनौती दिएको नाट्टाले बताएको छ ।

"गैरकानुनी तवरबाट नेपाली नागरिकलाई विदेश लैजाने र अलपत्र पार्ने घटना नियन्त्रणमा सरकारले गरेको काममा नाट्टाको समर्थन रहेको छ, तर विदेश भ्रमणमा जान चाहने पर्यटक र भ्रमण व्यवस्थापन गर्ने पर्यटन व्यवसायीलाई निषेध र हतोत्साहित गर्ने नियतका साथ ल्याइएको कार्यविधिले पर्यटक व्यवसायी मर्कामा परेका छन्", नाट्टाद्धारा जारी विज्ञप्तिमा भनिएको छ ।

नाट्टाले नेपाली पर्यटक गन्तव्य देशमा जानुपूर्व कम्तीमा दुई देशको भ्रमण गरेको हुनुपर्ने, गन्तव्य मुलुकको होटलको वेभसाइटमा खुल्नेगरी होटल बुकिङको प्रमाण पेस गर्नुपर्ने, ट्राभल्स एजेन्सीले तोकिएको मुलुकमा पर्यटक भिसामा भ्रमणमा जाने नेपाली पर्यटकको टिकट व्यवस्थापन गर्नुपूर्व अध्यागमन विभागबाट स्वीकृत लिनुपर्ने, आफ्नो एजेन्सीमार्फत पर्यटक भिसामा गएका पर्यटकलाई तोकिएको मितिमा नेपाल फर्काउने र त्यसको प्रतिवेदन अध्यागमनमा पेस गर्नुपर्ने बाध्यकारी व्यवस्था पर्यटन व्यवसायी विरोधी प्रावधान भएको बताएको छ ।

अध्यक्ष थापाले पर्यटन व्यवसायी र सम्बन्धित सङ्घ संस्थाबीच छलफल नगरी ल्याएको कार्यविधिले नेपालको पर्यटन क्षेत्रको विकास हुन नसक्ने भन्दै यसलाई तत्काल फिर्ता लिन माग गरे ।

नाट्टाले पर्यटकीय हिसाबले विदेश भ्रमणमा जान चाहने सबै नेपाली पर्यटक र भ्रमण व्यवस्थापन गर्ने ट्राभल्स एजेन्सी गैर कानुनी उद्देश्यबाट प्रेरित हुन्छन् भन्ने भाव झल्कने गरी ल्याइएको कार्यविधि अगाडि नबढाउन सरकारलाई आग्रह गरेको छ ।

# आधारभूतरुपमा कसैसँग पनि गठबन्धन हुँदैन : अध्यक्ष लिङ्देन



नेपालगञ्ज, (रासस) / राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले आधारभूतरुपमा कसैसँग पनि गठबन्धन नहुने बताएका छन् ।

राप्रपा बाँकेले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष लिङ्देनले आफ्नो पार्टीले आवश्यकताअनुसार जिल्ला तहमा अन्य दलसँग तालमेल गरेर जाने नीति लिएको उल्लेख गर्दै राष्ट्रियताका सवालमा नेकपा (एमाले) राप्रपासँग नजिक भएको बताए ।

उनले तालमेलबाट बढी सिट ल्याउनेभन्दा पनि जनतासँगको सम्बन्धबाट नै बढी सिट ल्याउने अपेक्षा भएको स्पष्ट गरे । चुनाव घोषणा भएपछि सबै समान ढङ्गले चुनाव लड्नुपर्नेमा जोड दिँदै उनले अहिलेको संसद् विघटन गर्न माग गरे ।

# 'नियन्त्रित औषधि' खुलेआम बिक्री

काभ्रेपलाञ्चोक, (रासस)/प्रहरीले नियन्त्रित औषधि सहित बनेपा नगरपालिका-८ उदय मेडिकल हलका सञ्चालक सत्यश्वर मकैलाई शुक्रबार पक्राउ गऱ्यो । मकैले नियन्त्रित औषधि बिना 'प्रेस्क्रिप्सन' बिक्री गरेका कारण प्रहरीले उनको मेडिकल पसलबाट ठूलो मात्रामा औषधिसमेत बरामद गरेको हो ।



नियन्त्रित मानिएका मेकोन-पी लेखिएको सिल खोलिएको ६५ थान टचाब्लेट, सिल खोलिएको कोफटचाब ३१ थान टचाब्लेट, डाइक्लोमाइन बिपी स्पान्स्मो एन्टिस्यापमोडिक लेखिएको सिल नखोलिएको दुई बट्टा (एक हजार थान) र सिल खोलिएको एक सय २० थान टचाब्लेट, गाबावेल -एक सय ५० लेखिएको सिल नखोलिएको तीन बट्टा (३०० थान) र सिल खोलिएको टचाब्लेट एक सय चार थान, स्टागन-२५ लेखिएको सिल नखोलिएको आठ बट्टा (एक हजार छ सय थान) र सिल खोलिएको टचाब्लेट थान ४३ र डी-कोफ लेखिएको सिल नखोलिएको छ बट्टा (एक हजार दुई सय थान) र सिल खोलिएको टचाब्लेट ८० थान बरामद गरिएको प्रहरीले जनाएको छ ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय र बनेपा इलाका प्रहरी कार्यालयको संयुक्त टोलीले मकैलाई शुक्रबार पक्राउ गरी कारबाहीका लागि आइतबार काठमाडौँस्थित औषधि व्यवस्था विभागमा पठाएको हो । जिप्रकाको सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक ढुण्डिराज न्यौपानेका अनुसार बरामद गरिएका औषधि सञ्चालकले ती औषधि चिकित्सकीय सिफारिसबिना बिक्री गर्दै आएको अनुसन्धानबाट खुलेको छ ।

त्यसरी बिक्री गरिएका औषधि 'लागुऔषध'को रुपमा प्रयोग गर्ने गरेको प्रहरीको भनाइ छ । यसअघि इलाका प्रहरीले प्रतिबन्धित लागुऔषध कारोबारमा सम्लग्न पाँच जनालाई गत साउन १४ गते राति पक्राउ गरेको थियो । प्रहरीले भारतबाट वीरगञ्ज हुँदै काभ्रेपलाञ्चोकको बनेपामा लागुऔषध कारोबारमा सम्लग्न भएका उनीहरुलाई वीरगञ्जबाट पक्राउ गरेको थियो । लागुऔषध कारोबार तथा ओसारपसारमा सम्लग्न भएकाबाट प्रहरीले ३०२ एम्पुल डाइजेपाम, ३०२ एम्पुल फेनेर्गन र ३०२ थान नोफिन गरी कूल ९०६ थान लागुऔषध बरामद गरेको थियो ।

त्यतिबेला प्रहरीको अनुसन्धानले वीरगञ्जबाट काभ्रेपलाञ्चोक अन्तर्गतको बिपी राजमार्ग (धुलिखेल, सिन्धुली, बर्दिबास) सडक प्रयोग गरी बनेपाहुँदै लागुऔषध काठमाडौँ पुऱ्याउने र काठमाडौँबाट पुन: बनेपा ल्याई कुलतमा फसेका युवालाई बिक्री गर्ने गरेको देखाएको प्रहरीले जनायो । यसअघि गतवैशाखमा लागुऔषध प्रयोगकर्ता चाचालकलाई काभ्रेपलाञ्चोक स्थित अरनिको राजमार्गमा जाँचका क्रममा प्रहरीले प्रक्राउ गरेको थियो । यस्तै प्रहरीले सुराककै आधारमा गत वर्षको माघमा चिकित्सकको आधिकारिक सिफारिस बिना नियन्त्रित औषधि (नशालु पदार्थका रुपमा सेवन गरिने) बिक्री गर्ने पनौती नगरपालिका-२ स्थित एक फर्मेसी सञ्चालकलाई पक्राउ गरेको थियो । उनको फर्मेसीबाट विभिन्न प्रकारका सात हजार एक सय ३८ नियन्त्रित लागुऔषधसमेत बरामद गरिएको थियो ।

सुराकका आधारमा मात्रै प्रहरीले जाँच गर्ने र लागुऔषध कारोबारमा सम्लग्न व्यक्तिलाई पक्राउ गर्ने गरेको देखिएको छ । साथै बिपी राजमार्गबाट अधिकांश रुपमा लागुऔषध ओसारपसार हुने गरेको देखिएको छ । काभ्रेपलाञ्चोकलगायत छिमेकी जिल्ला तथा राजधानीका विभिन्न स्थानमा बिक्री हुने प्रतिबन्धित लागुऔषध मध्यपहाडी क्षेत्रअन्तर्गतको राजमार्गबाट तस्करी हुने जिल्ला स्थित प्रहरीको रेकर्डबाट देखिन्छ ।

यस्तै प्रहरीले सुराकीको आधारमा उक्त राजमार्गबाट आउने सवारी साधन जाँच गर्दा दर्जनौँ पटक प्रतिबन्धित औषधि बरामद गर्दै ओसारपसारमा सम्लग्न व्यक्तिलाई पक्रेर मुद्दासमेत चलाउने गरेको छ । प्रहरीको तथ्याङ्क अनुसार बितेको पाँच बर्षमा लागुऔषध ओसारपसार सम्बन्धी ३७ मुद्दामा ७२ जना पक्राउ परेका छन् । पक्राउ परेकामध्ये पनि अधिकांशले 'ब्रोकर'बनेर काम गरिरहेको बयान दिँदै आएका छन् । प्रहरीको अनुसन्धानले विशेष गरी 'टिनएजर्स्' नै लागुऔषधको तस्करी र प्रयोकर्ताका रुपमा देखिएका छन् ।

घटना विवरणअनुसार तराई क्षेत्रबाट बिपी राजमार्गहुँदै तस्करीका लागुऔषधको ट्रान्जिट प्वाइन्ट' काभ्रेपलाञ्चोकलाई बनाएको देखिएको छ । पछिल्ला घटनाले तराईसँग छोटो दूरीका रुपमा रहेको बिपी राजमार्गबाट लागुऔषध भित्रिने गरेको देखिएकाले उक्त राजमार्गमा 'एक्सन टिम' परिचालन गरिएको प्रनाउ न्यौपानेले बताए । उनका अनुसार यसअघि पक्राउ परेकाले भारतका विभिन्न स्थानबाट लागूऔषध सङ्कलन गरी बनेपा र आसपासका सहर तथा काठमाडौँमा बिक्री गर्दै आएको देखिन्छ । लागुऔषध विशेष गरी युवा पुस्ताले प्रयोग गरेको पाइएको प्रहरीकै अनुसन्धानले देखाएको हो ।

# 'अब छिटै सिट बाँडफाँट टुङ्गिन्छ'

जनकपुरधाम, २० भदौ (रासस)/नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अबको दुई/तीन दिनभित्रै गठबन्धन दलबीच सिट बाँडफाँट टुङ्गो लाग्ने बताएका छन् ।

पार्टीको कार्यक्रमका लागि जनकपुरधाम आइपुगेका अध्यक्ष दाहालले सोमबार सञ्चारकर्मीसँग सङ्क्षिप्त कुरा गर्नुहुँदै गठबन्धन दल सिट बाँडफाँटको अन्तिम तयारीमा रहेको बताए । "गठबन्धनको सिट बाँडफाँट अध्ययन कार्यदलले अध्ययन गरिरहेको छ", अध्यक्ष दाहालले भने, "कार्यदलले आज वा भोलिसम्ममा प्रतिवेदन दिन्छ, त्यसलगत्तै कार्यदलको प्रतिवेदनका आधारमा सिट बाँडफाँटको टुङ्गो लगाउँछ ।"

"अघिल्लो निर्वाचनमा जुन क्षेत्रमा जुन दलले जितेको थियो, त्यही दललाई दिने सैद्धान्तिक सहमति भएको छ", अध्यक्ष दाहालले भन्नुभयो, "त्यसबाहेक थप कति वटा सिट कुन दललाई दिने भन्नेमा टुङ्गो लगाउन मात्र बाँकी छ ।" हामीले छिटोभन्दा छिटो सिट बाँडफाँटको टुङ्गो लगाएर चुनावी तयारीमा जुट्न चाहन्छौँ", अध्यक्ष प्रचण्डको भनाइ थियो ।

गत २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भन्दा आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा मधेश प्रदेशमा आफ्नो पार्टीले बढी सिट जित्ने दाबी अध्यक्ष दाहालले गरे । अध्यक्ष दाहालले प्रतिनिधिसभा र राष्ट्रियसभामा दोस्रो पटक पारित भएको नागरिकता सम्बन्धी विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुने विश्वास व्यक्त गरे । "संविधानले राष्ट्रपतिलाई एकपटक विधेयक फिर्ता गर्ने अधिकार दिएको छ", अध्यक्ष दाहालले भने, "दोस्रो पटक विधेयक फिर्ता गर्ने अधिकार संविधानले राष्ट्रपतिलाई दिएको छैन, त्यसैले दुवै सदनबट दोस्रो पटक पारित भएको नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुन्छ, हामी पूर्ण विश्वस्त छौँ ।"

# नयाँ बसपार्क क्षेत्र वरपर रहेका अवैध संरचना हटाउन सुरु

काठमाडौँ, २० भदौ (रासस)/काठमाडौँ महानगरपालिकाले गोँगबुस्थित नयाँ बसपार्क क्षेत्र वरपर निर्माण गरिएका अवैध संरचना हटाउन सुरु गरेको छ ।

आइतबार कोटेश्वर क्षेत्रमा निर्माण गरिएका अवैध संरचना हटाएको महानगरपालिकाले सोमबार महानगरपालिका वडा नं २६ मित्रनगरमा अवैधरुपमा निर्माण गरिएका संरचना हटाउन थालेको हो । वडा नं २६ का वडाध्यक्ष ख्यामराज तिवारीले जथाभावी फुटपाथ र पार्किङ मिचेर बनाइएका संरचना हटाउने काम सुरु गरिएको जानकारी दिए । महानगरपालिकाले भूमिगत पार्किङ मिचेर बनाइएका दोहोरी साँझसमेत हटाइको हो । आज नयाँ बसपार्कस्थित मित्रनगर प्रवेशद्वारदेखि म्हैपीसम्मका अवैध संरचना हटाइने उनको भनाइ छ । मित्रनगर विकास तथा टोल सुधार समितिकी उपाध्यक्ष गङ्गा पन्तले सुन्दर मित्रनगर निर्माणका लागि महानगरपाकिले गरेको काम सराहनीय भएको बताए ।

## आवश्यकता

यस साझाकुरा राष्ट्रिय दैनिकका लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| पद | : मार्केटिङ म्यानेजर |
| योग्यता | : कक्षा १२ उत्तीर्ण |
| कामको समय | : बिहान ११:०० बजेदेखि साँझ ७:०० बजेसम्म । |
| अनुभव | : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङसम्बन्धी ज्ञान । |
| | : मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको |
| तलब | : आपसी समझदारीमा तय गरिने । |

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

# मानव बेचबिखनबिरुद्धको अभियान सञ्चालन गरिन्छः उपमेयर बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँले विभिन्न बहानामा यौन तथा श्रम शोषण हुने गरेको र रोजगारीको बहानामा विदेश पुऱ्याएरसमेत मानव वेचविखन भइरहेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।



मानव वेचविखन बिरुद्धको १६ औं राष्ट्रिय दिवसको सन्दर्भमा हेटौंडा उपमहानगर पालिकाले आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । उपमेयर बानियाँले वडा तहबाटै मानव वेचविखनविरुद्धको अभियान सञ्चालन गरिने बताए । आन्तरिक, सीमा र समुन्द्र पारी पुऱ्याएर अहिले मानव वेचविखन भइरहेको भन्दै उनले वडा तहबाटै अब अभियान सञ्चालन गर्ने बताए ।

उपमेयर बानियाँको संयोजकत्वमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं, महिला तथा बालबालिका विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेलगायतको उपस्थिति थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्की तथा विभिन्न सरोकारवाला पक्षको उपस्थिति थियो ।

# रोट्र्याक्टको प्रेसिडेन्ट सेक्रेटरी मिटलाई महेन्द्रा प्युरिफायरको साथ

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ हेटौंडामा आयोजना हुने रोट्र्याक्टको अध्यक्ष र सचिवको भेला (प्रेसिडेन्ट सेक्रेटरी मिट) लाई महेन्द्रा प्युरिफायरले मुख्य प्रायोजन गर्ने भएको छ ।




रोट्र्याक्ट क्लब अफ हेटौंडा र रोट्र्याक्ट क्लब अफ मकवानपुरको संयुक्त आयोजनामा भदौ २५ गते हेटौंडामा हुन लागेको कार्यक्रमलाई महेन्द्रा प्युरिफायरले मुख्य प्रायोजन गर्ने भएको हो । हेटौंडामा हुने रोट्र्याक्टको प्रेसिडेन्ट सेक्रेटरी मिटलाई सफल बनाउनको निम्ति सोमबार महेन्द्रा र रोट्र्याक्टबीच सहमति भएको छ ।

महेन्द्राको तर्फबाट प्रबन्ध निर्देशक पप्पु केशरी र रोट्र्याक्टको तर्फबाट रोट्र्याक्ट क्लब अफ हेटौंडाका अध्यक्ष मिलन ढकाल र रोट्र्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदीपकुमार राईले सहमतिपत्रमा हस्ताक्षर गरेका थिए । कार्यक्रममा रोट्र्याक्ट डिष्ट्रिक्ट ३२९२ अन्तर्गत् नेपालभर रहेका १७६ वटा क्लबका अध्यक्ष र सचिवसहित क्लबका अन्य सदस्यहरु उपस्थित हुनेछन् ।

कार्यक्रमले हेटौंडा र हेटौंडाका पर्यटकीय क्षेत्रहरुलाई देशैभरि चिनाउन मद्दत गर्ने विश्वास लिएको रोट्र्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदीपकुमार राईले बताए । कार्यक्रममा कूल लागत करिब २० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको उनले बताए । कार्यक्रमलाई यति ब्रुअरी, सागर डिष्टिलरी, स्मार्ट स्टडीलगायतले प्रायोजन गरेका छन् । त्यसैगरी रोटरी क्लब अफ हेटौंडा र रोटरी क्लब अफ मकवानपुरले पनि कार्यक्रमको लागि आवश्यक साथ र समन्वय गरिरहेको अध्यक्ष राईले बताए ।

# नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाडौं, २० भदौ (रासस)/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक चार दशमलव २९ अङ्कले ओरालो लागेर एक हजार नौ सय ७३ दशमलव शून्य एकमा पुगेको छ ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८२ अङ्कले ओरालो लागेर तीन सय ८२ दशमलव ९५ मा ओर्लेको छ । कूल दुई सय २४ कम्पनीको २४ लाख ४४ हजार तीन हजार ४४ कित्ता शेयर रु ९० करोड ९९ लाख चार हजार सात सय ५१ बराबर मूल्यमा खरिद बिक्री भएको छ ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये दुई उपसमूहको मात्रै शेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । उत्पादन एक दशमलव ८७ र लघुवित्त दुई दशमलब पाँच अङ्कले उकालो लागेको छ ।

बैंकिङ एक दशमलव ३९, व्यापार आठ, होटल तथा पर्यटन आठ दशमलव शून्य पाँच, विकास बैंक १० दशमलव ८३, जलविद्युत् छ दशमलव एक, वित्त नौ दशमलव ८८, निर्जीवन बीमा चार दशमलव ३७, अन्य १५ दशमलव २१, जीवन बीमा पाँच दशमलव शून्य छ, सामूहिक लगानी कोष शून्य दशमलव १३ र लगानी शून्य दशमलव ३२ अङ्कले ओरालो लागेको छ ।

सोमबारको कारोबारपछि बजार पुँजीकरण रु २८ खर्ब ३० अर्ब छ करोड ५५ लाख ७८ हजार तीन सय ७७ बराबर रहेको छ । नेप्सेका अनुसार कारोबारका आधारमा रिडी हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड ९६ लाख ९४ हजार सात सय २१ बराबरको कारोबार भयो ।

यस्तै हिमालयन एभरेष्ट इन्स्योरेन्स रु चार करोड ५९ लाख ७८ हजार छ सय ६४ बराबरको कारोबार भएका छन् ।

# नवौं राष्ट्रिय खेलकुदमा मकवानपुरका १२ खेलाडी छनौट

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ नवौं राष्ट्रिय खेलकुदमा मकवानपुरका १२ जना खेलाडी छनौट भएका छन् ।

आगामी असोज २८ गतेदेखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुदमा मकवानपुरका १२ जना खेलाडी छनौट भएका हुन् ।

जिल्ला खेलकुद विकास समिति मकवानपुरका निमित्त कार्यालय प्रमुख माधव कोइरालाले बागमती प्रदेश सरकारले छनौट गरेको ३ विधाका खेलमा मकवानपुरका १२ खेलाडी छनौट भएको जानकारी दिए ।

प्रदेश क्रिकेट टिमको अन्तिम १४ मा मकवानपुरका ३ जना खेलाडी छनौट भएका छन् । छनौट हुनेमा शुभ कंशाकार, रामनरेश गिरी र सुमन सुनार छन् । प्रदेश क्रिकेट टिमको अन्तिम १८ को वैकल्पिकमा मकवानपुरकै थप ३ जना खेलाडी अटाएका छन् । रिजन ढकाल, गौरब खड्का र तक्षक सिम्खडा वैकल्पिकमा छनौट भएका हुन् ।

उसुतर्फ वास्ताकुमारी पाख्रिन, प्रविण दोङ, आशीष लामा र साजन थिङ नवौं राष्ट्रिय खेलकुदका लागि छनौट भएका हुन् । यस्तै, जुडोतर्फ अस्मिता गोले र सलिसा गोले नवौं राष्ट्रिय खेलकुदका लागि छनौट भएका छन् ।

**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. को**

**साधारण सभामासम्बन्धी सूचना**

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७४ श्रावण ६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको आ.ब. २०७८/०७९ को छैठौं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले सेयर सदस्यको गरिमामय उपस्थितिको लागि अनुरोध छ ।

**कार्यक्रम**
मिति : २०७४ आश्विन १ गते
समय : बिहान ११ बजे
स्थान रोयल प्यालेस हेटौंडा-४, मैनरोड

**छलफलका विषयहरु:**
१. संस्थाको बार्षिक प्रतिवेदन तथा आगामी बर्षको कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक प्रतिवेदन तथा आगामी बर्षको प्रस्तावित बजेट सम्बन्धमा ।
३. लेखा समितिको प्रतिवेदन ।
४. सहकारीको स्वामित्वमा रहेको भवन सम्बन्धमा ।
५. लेखापरीक्षणको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. सहकारी एकीकरण सम्बन्धमा ।
७. सञ्चालक समिति तथा लेखा समिति चयन सम्बन्धमा ।
८. माइन्युट प्रमाणित गर्ने सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

२०७८ को एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने सेयर सदस्यको छोराछोरीललाई सम्मान कार्यक्रम रहेको हुँदा मार्कसिट तथा प्रमाणपत्र सहित भाद्र २७ गतेभित्र संस्थामा पेश गर्नुहुन साथै कुनै प्रस्तावहरू भए भाद्र २७ गते भित्र लिखितरूपमा संस्थाको कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध गर्दछु ।

प्रद्युम्न उपाध्याय, सचिव
**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, सिद्धार्थपथ, मकवानपुर
सम्पर्क ०५७-५२६४४३/५२६३७०

# न्वागीमा सार्वजनिक बिदा

हेटौंडा, २० भदौ/ बागमती प्रदेश सरकारले चेपाङ समुदायको प्रमुख पर्व न्वागीको अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको छ । बागमती प्रदेश सरकारले भदौ २२ गते परेको चेपाङ समुदायको प्रमुख पर्व न्वागीको अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको हो । चेपाङ समुदायको बसोबास रहेको प्रदेशको मकवानपुर सहित चितवन र धादिङ जिल्लामा सार्वजनिक विदा दिने निर्णय गरेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । सरकारको गत चैत्र ९ गतेको निर्णय अनुसार न्वागीको अवसरमा विदा दिइएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

**ध्यानाकर्षण**

हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) मकवानपुर जिल्लाकै पुरानो विद्यालय हो । नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा समेत महत्वपूर्ण घटनाको अगुवाई गर्ने भुटनदेवी माविबाट हजारौंको संख्यामा शिक्षित भएर मुलुकलाई योगदान गर्ने जनशक्ति तयार भइसकेका छन् । आज आमरुपमा सार्वजनिक शिक्षा चिन्ताजनक अवस्थामा छ । यद्यपि भुटनदेवी मावि मकवानपुर जिल्लाको स्तरीय विद्यालयको रुपमा स्थापित छ । नागरिकको आधारभूत शिक्षाको अधिकारलाई सुनिश्चित गर्नुका साथै समयसापेक्ष प्राविधिक शिक्षा प्रदान गर्न पनि मुटनदेवी मावि प्रयत्नशील छ ।

भुटनदेवी माविले व्यावसायिक सटर भाडामा लगाउने विषयलाई लिएर सञ्चार माध्यमहरुमा, सामाजिक सञ्जाल र अनौपचारिक रुपमा पनि टिकाटिप्पणी भइरहेको पाइएको छ । विधिसम्मत व्यावसायिक सटर निर्माण गरी निजी क्षेत्रसँगको सहकार्यमा भाडामा लगाउने प्रक्रिया अबलम्बन गरिएको कुरा स्पष्ट पार्दै व्यावसायिक निर्माण र भाडामा लगाउने प्रक्रियालाई लिएर भएका टिकाटिप्पणीप्रति विद्यालय परिवारको ध्यानाकर्षण भएको जानकारी गराइन्छ । सार्वजनिक सम्पत्तिको रुपमा रहेको विद्यालय र विद्यालयले आयआर्जनका लागि निर्माण गरिएको व्यावसायिक सटरको नियमितताको आशयले भएका टिकाटिप्पणीप्रति हामी सचेत र सकारात्मक छौं । सार्वजनिक सम्पत्तिको दुरुपयोग हुन नदिएर सदुपयोग गरी उच्चतम् लाभ हासिल गर्नुपर्ने मान्यतामै रहेर व्यावसायिक सटर निर्माण गरी विद्यालयका लागि नियमित आम्दानीको स्रोत सुनिश्चित गरिएको हो । केही समयअघि मात्रै पत्रकार सम्मेलन गरेर व्यावसायिक सटर निर्माण तथा भाडामा लगाउने प्रक्रियाका विषयमा आयव्यय विवरण समेत सार्वजनिक गरिएको छ । यसका साथै नियमित लेखा परीक्षण, अभिभावक भेला र पालिकामा आयव्ययसँगै विद्यालयको वस्तुस्थितिबारे जानकारी गराउने कार्य भइरहेकै छ ।

आगामी दिनमा पनि विद्यालयको स्रोत, साधन, सम्पत्तिको दुरुपयोग हुन नदिई उच्चतम् सदुपयोग गर्नतर्फ विद्यालय परिवार जिम्मेवार भएर अगाडि बढ्नेछ । अहिले भुटनदेवी माविमा १ हजार सय ७० जना विद्यार्थी अध्ययनरत छन् । विद्यार्थी र दरबन्दीको शिक्षकको अनुपातबीचको असन्तुलनलाई मिलान गर्न निजी स्रोतबाट शिक्षक तथा कर्मचारी नियुक्त गरी पठनपाठनलाई सहज गर्न त्यही व्यावसायिक सटरबाट हुने आम्दानी प्रमुख स्रोत हो । त्यत्ति मात्रै नभएर विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आर्थिकरुपमा भुटनदेवी मावि सवल छ भन्नाका लागि पनि व्यावसायिक सटरनै प्रमुख आधार हुन् ।

विद्यालयप्रति नागरिक समाजको सान्दर्भिक चासो र सरोकार प्रति हामी सम्मान गर्दछौं । तर, निरन्तर विद्यालय परिवारमाथि निराधार ढंगले आरोप लगाउने र पेशागत सम्मानमा आँच आउने किसिमको क्रियाकलाप कहीं कतैबाट नहोस् भनी आग्रह समेत गर्दछौं । यसर्थ आम अभिभावक, विद्यार्थी, स्थानीय सरकार, समुदाय, सामाजिक कार्यकर्तामा विद्यालयमा अनियमितता भएको भन्ने जस्ता गलत प्रचारको भ्रममा नपर्न यसै सूचनामार्फत हार्दिक अपील गर्दछौं ।

माधव प्रसाद दाहाल
प्रधानाध्यापक
**भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
हेटौंडा-४, मकवानपुर

**धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैर्ला असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# गोदावरीमा सहकारीबारे समीक्षा

ललितपुर, गोदावरी, २० भदौ (रासस) गोदावरी नगरपालिका र उद्योग तथा सहकारी शाखा व्रजबाराही ललितपुरको आयोजनामा यहाँ समीक्षा गोष्ठी सम्पन्न भएको छ । सहकारी संस्थाका लागि विनियोजित कार्यक्रमको आर्थिक वर्ष २०७८/७९ को लागि तोकिएको कार्यक्रमअन्तर्गत नगरपालिकाले हालै सो गोष्ठी गरेको हो ।

एकदिने गोष्ठीमा गोदावरी नगरपालिकाभित्रका एक सय २८ ऋण सहकारी संस्थाका ८० जना सहकारी सञ्चालक सहभागी भएका थिए । सहभागीलाई सहकारी सञ्चालन कार्यविधि, कार्यक्रम, लेखा प्रणाली, संस्थागत क्षमता अभिवृद्धि जस्ता विषयमा प्रशिक्षण दिइएको थियो । नगरपालिकाभित्रका एक सय सहकारी संस्था सक्रिय र २८ वटा निष्क्रिय रहेको सो प्रशिक्षक ऋषिराम अधिकारीले जानकारी दिए ।

नेपालमा ऋण तथा बचत, बहुद्देश्यीय, उत्पादन, कृषि र कृषि बचत तथा ऋण सहकारी संस्था कार्यरत छन् ।

सो कार्यक्रमका सहभागीले नाफामूलकसहितको आयआर्जन गर्ने सहकारी सफल हुने गरेको धारणा व्यक्त गरेका थिए । प्रशिक्षक ऋषिराम अधिकारीले सहभागीलाई सहकारीका विभिन्न विषयमा सहजीकरण गरेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**Hotel Smarak**
Heartily Hospitality

**कर्मचारी आवश्यकता**

हेटौंडा-११, नवलपुर मा रहेको सहिद स्मारक पार्क नजिकै स्थित नयाँ भवन (होटल स्मारक) को लागि कर्मचारी आवश्यकता परेकोले निम्न पर्दहरुको लागि आफ्नो बायोडाटा ईच्छुक व्यक्तिले निम्न ईमेलमा निवेदन दिन सक्नु हुनेछ ।

**कर्मचारी आवश्यकता पदहरु :**
- फ्रण्ट अफिस सुपरभाईजर - १
- फ्रण्ट अफिस असिसटेन्ट - २
- हाउस कीपी सुपरभाईजर - १
- किचेन सेफ दि पार्टी - १
- कुक - ५
- डिस वासर - ३
- एफ एण्ड वी सुपरभाईजर - १
- एफ एण्ड वी वेटर (पुरुष, महिला) - ३
- एकाउण्टेन्ट - १
- स्टोर किपर - १

**Email: hotelsmarak123@gmail.com**

**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको
अति व्यस्त कपडा पसल विशेष
कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर:** बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२



**विक्की फ्रेस मिट शप**



हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना